# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडाले फागुन २० गते आयोजित कार्यक्रममा नेपाल राष्ट्र बैंक स्वर्ण जयन्ती पार्कको उद्घाटन गर्नुभयो । पार्क उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि गभर्नर डा. खतिवडाले यसअघिको फोहोर र दुर्गन्धित ठाउँलाई व्यवस्थित पार्क बनाउन सहयोग पुऱ्याउने सबै पक्ष र महानुभाव सम्मानको पात्र बन्नुभएको उल्लेख गर्नुभयो । केन्द्रीय बैंकले पार्क निर्माणमा गरेको आर्थिक सहयोगलाई समाजमा एउटा असल छिमेकीले पुऱ्याएको योगदानको रूपमा लिन आग्रह गर्दै उहाँले भन्नुभयो "यसको संरक्षण र सम्बर्द्धनमा बैंकले विद्यमान ऐन, कानुन र नियमको परिधिभित्र रही आगामी दिनमा पनि सहयोग पुऱ्याउनेछ ।" जमिनलाई वित्तीय उपकरणको रूपमा मात्र नलिई यसको संरक्षण र मानव बसोबासका लागि योग्य बनाउन् हामी सबैको कर्तव्य रहेकोतर्फ सचेत गराउँदै सार्वजनिक पार्क र जमिनको सोही अनुरूप सार्वजनिक उपभोग गर्न पनि गभर्नर डा. खतिवडाले सुझाव दिनुभयो ।




कार्यक्रमलाई सम्बोधन गर्दै अतिथि एवम् भूतपूर्व गभर्नर श्री दीपेन्द्रबहादुर क्षेत्रीले राष्ट्र बैंक स्वर्ण जयन्ती पार्कको निर्माणमा सबैको सहयोग र सद्भावले ठूलो योगदान पुऱ्याएको बताउनुभयो । केन्द्रीय बैंकको मूलद्वार अगाडि यस अघि रहेको फोहोर स्थानलाई विस्थापित गरेर बनाइएको आकर्षक पार्कलाई सबैको मेहनत र परिश्रमको फलको रूपमा सदुपयोग गर्न उहाँले सल्लाह दिनुभयो ।

बालुवाटार जागरण युवा क्लबका सभापति सरोज अधिकारीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सामान्य सेवा विभागका कार्यकारी निर्देशक श्री हरिप्रसाद काफ्लेलगायतका व्यक्तित्वहरूले बोल्नुभएको थियो । पार्क निर्माणको क्रममा विशेष योगदान पुऱ्याउनुहुने तत्कालीन कार्यकारी निर्देशक तथा भूतपूर्व गभर्नर श्री दीपेन्द्रबहादुर क्षेत्री र कान्तिपुर पब्लिकेशन्सलाई सम्मान गरिएको थियो । प्रमुख अतिथि गभर्नर डा. युवराज खतिवडाले कदरपत्रद्वारा उहाँहरूलाई सम्मान गर्नुभएको थियो । कार्यक्रममा बैंकका कार्यकारी निर्देशक, निर्देशकलगायतका कर्मचारी तथा स्थानीय जनताको ठूलो उपस्थिति रहेको थियो ।

बैंकको स्वर्ण जयन्ती महोत्सवको अवसरमा बालुवाटार जागरण युवा क्लब र स्थानीय वासीको सक्रियतामा बैंकको केन्द्रीय कार्यालयको मूलद्वारसँगै जोडिएको सार्वजनिक जग्गामा पार्क बनाउन बैंकले आर्थिक सहयोग गर्ने निर्णय गरेको थियो ।